# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, वैशाख २२ गते, २०७८ साल (अतिरिक्ताङ्क ६

## भाग १

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७८ सालको ऐन नं. १

**प्रदेश पूर्वाधार विकास प्राधिकरणको स्थापना र संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

<u>प्रस्तावना:</u> प्रदेशको विकासमा महत्वपूर्ण योगदान गर्न सक्ने पूर्वाधार विकास योजनाको तर्जुमा गरी कार्यान्वयन गर्न, योजनालाई छिटो, छरितो र प्रभावकारी रुपमा सम्पन्न गर्न र सार्वजनिक, नीजि साझेदारी र विदेशी लगानीलाई पूर्वाधार विकासमा परिचालन गर्न तथा आधुनिक प्रविधिजन्य एवं उच्च प्रतिफलयुक्त आयोजनाहरुको निर्माण र संचालन मार्फत रोजगारी र आय आर्जनका अवसरको सिर्जना गरी प्रदेश र जनताको समृद्धि अभिवृद्धि गर्न एक स्वायत्त र सक्षम निकायको रुपमा प्रदेश पूर्वाधार विकास प्राधिकरणको स्थापना गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "पूर्वाधार विकास प्राधिकरण ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–</u>

(क) "कार्यकारी अधिकृत" भन्नाले दफा १७ बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत सम्झनुपर्छ ।

(ख) "जग्गा" भन्नाले जुनसुकै जग्गा र त्यसमा स्थायी रूपले रहेको घर, बनोट, ताल, पोखरी, रुख आदिलाई सम्झनुपर्छ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(घ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनुपर्छ ।

(ङ) "प्रदेश सरकार" भन्नाले लुम्बिनी प्रदेशको सरकारलाई सम्झनुपर्छ ।

(च) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश पूर्वाधार विकास प्राधिकरण सम्झनुपर्छ ।

(छ) "भवन" भन्नाले आवासीय, कार्यालय, औद्योगिक, व्यापारिक वा अन्य कुनै प्रयोगको लागि बनेको भवन वा घर सम्झनु पर्छ र सो शब्दले गोदाम घर, टहरा, गोठ, ग्यारेज, चर्पी, पर्खाल वा त्यसको कुनै भागलाई समेत जनाउँछ।

(ज) "योजना" भन्नाले दफा ६ बमोजिमको पूर्वाधार विकास योजना सम्झनुपर्छ।

(झ) "योजना क्षेत्र" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको योजनाको क्षेत्र सम्झनुपर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमको गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ ।

(ट) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष र उपाध्यक्षलाई समेत जनाउँछ ।

(ठ) "समिति" भन्नाले दफा १३ बमोजिम गठित पूर्वाधार विकास समिति सम्झनुपर्छ ।

(ड) "सेवा सुविधा" भन्नाले सडक, बाटो, खुल्ला ठाउँ, उद्यान, मनोरञ्जनस्थल, खेल मैदान, पानी, बिजुली, टेलिफोन, ढल

निकास, विद्यालय, अस्पताल र यस्तै प्रकृतिका अन्य सुविधालाई सम्झनुपर्छ ।

## परिच्छेद-१

## प्राधिकरणको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. प्राधिकरणको स्थापनाः प्रदेशभित्र पूर्वाधार विकास योजनाको तर्जुमा र कार्यान्वयन गरी प्रदेशको समग्र विकासमा उल्लेखनीय योगदान पुऱ्याउने उद्देश्यले प्रदेश सरकारले प्रदेश पूर्वाधार विकास प्राधिकरण स्थापना गर्नेछ ।

४. प्राधिकरण संगठित संस्था हुनेः (१) दफा ३ बमोजिम स्थापित प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्राधिकरणको आफ्नो छुट्टै छाप हुनेछ ।

(३) प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न, आर्जन गर्न, भोगचलन गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

(४) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) प्राधिकरणले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न र दायित्व निर्वाह गर्न वा अन्य कुनै किसिमबाट कुनै किसिमको हक वा दायित्व स्वीकार गर्न सक्नेछ।

५. प्राधिकरणको काम, कर्तव्य र अधिकारः (१) प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रदेशभित्र कुनै क्षेत्रलाई भू-उपयोग योजना बनाई सो अनुरुप पूर्वाधार र अन्य निर्माणका लागि मापदण्ड र विधि निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) धार्मिक, साँस्कृतिक, ऐतिहासिक, आर्थिक, सामाजिक र पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण सम्पदाहरुको संरक्षण गर्दै तिनीहरुको विकासका लागि आवश्यक परियोजना बनाई संचालन गर्ने, गराउने,

(ग) योजना क्षेत्रको प्राकृतिक र वातावरणीय संवेदनशीलतालाई विचार गरी क्षेत्रहरुको संरक्षणका लागि प्राकृतिक सम्पदाहरुमा प्रतिकुल प्रभाव नपर्ने सुनिश्चितता सहित प्राकृतिक सम्पदाको उपयोग गर्ने, गराउने,

(घ) योजनाले निर्दिष्ट गरे बमोजिम दफा १० बमोजिमको जग्गा विकास कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(ङ) पूर्वाधार विकासका लागि आवश्यक निर्माण सामग्री उत्खनन गरी बिक्री, वितरणका लागि आवश्यक व्यवस्था गर्ने,

(च) प्राधिकरणको पूर्ण, बहुमत वा आंशिक स्वामित्वको कम्पनी मार्फत कुनै परियोजना निर्माण र संचालन गर्ने,

(छ) प्राधिकरणले छनौट गरेका आयोजनाको लागि नीजि, सार्वजनिक वा विदेशी लगानीको व्यवस्था गर्ने,

(ज) योजनाका सम्बन्धमा प्रदेश सरकारले दिएको निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने, गराउने ।

(२) यस ऐन बमोजिम काम कारवाही गर्दा प्रदेश सरकारका निकाय तथा अन्य सम्बन्धित निकायसँग समन्वय कायम गरी काम गर्नु प्राधिकरणको कर्तव्य हुनेछ ।

६. <u>पूर्वाधार विकास योजनाको तर्जुमा र स्वीकृतिः</u> (१) प्रदेशको पूर्वाधार विकासको लागि देहायको कुनै वा सबै उद्देश्य पूरा गर्न प्राधिकरणले पूर्वाधार विकास योजना तर्जुमा गर्न सक्नेछ :-

(क) प्रदेशलाई औद्योगिक, व्यापारिक, पर्यटकीय, सांस्कृतिक एवं आर्थिक केन्द्रको रूपमा विकास गर्ने,

(ख) प्रदेशमा पूर्वाधार सम्बन्धी आयोजनाको विकास, विस्तार र निर्माण गर्ने,

(ग) पूर्वाधार विकासको लागि स्थानीय तहको समन्वयमा भू-उपयोग योजना (ल्याण्ड यूज प्लान) तयार गर्ने,

(घ) जनसाधारणलाई आवश्यक सार्वजनिक सेवा, सुविधा सरल र सर्वसुलभ रुपमा उपलब्ध गराउने,

(ङ) उपर्युक्त कार्यहरूसँग सम्बद्ध अन्य कार्यहरू गर्ने ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणले तर्जुमा गरेको योजना प्रदेश सरकारबाट स्वीकृत गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेश सरकारबाट स्वीकृत भएको योजना प्राधिकरणले कार्यान्वयन गर्नेछ ।

७. <u>रोक लगाउन सक्ने</u>: (१) योजना कार्यान्वयन गर्न प्राधिकरणले समय समयमा स्पष्टरूपले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी बढीमा तीन वर्षको अवधि ननाघ्ने गरी सोही सूचनामा तोकिएको अवधिभरको लागि योजना क्षेत्रभित्र पर्ने तोकिएको क्षेत्रमा जुनसुकै प्रकारको भवन, जग्गा आदी अचल सम्पत्ति प्राधिकरणको पूर्व स्वीकृति विना कुनै प्रकारले स्वरुप परिवर्तन गर्न वा कित्ताकाट गर्न वा नया संरचना निर्माण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक लगाएको कुराको सूचना प्राधिकरणले घर जग्गा रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालय तथा सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(३) रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयले उपदफा (२) बमोजिमको सूचना पाएपछि त्यस्तो अचल सम्पत्ति कित्ताकाट गर्ने गरी रजिष्ट्रेशन गर्न हुँदैन ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि यस दफा बमोजिम रोक लगाउने सूचना प्रकाशन गर्नुअघि प्राधिकरणले प्रदेश सरकारसँग स्वीकृती लिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको अवधिभित्र योजना कार्यान्वयन हुन नसक्ने भएमा प्रदेश सरकारको स्वीकृती लिएर प्राधिकरणले रोक्का अवधि थप गर्न सक्नेछ ।

८. <u>नियमित, नियन्त्रण वा निषेध गर्न सक्नेः</u> (१) योजना कार्यान्वयन गर्ने प्रयोजनको लागि प्राधिकरणले समय समयमा स्पष्टरूपले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी योजना क्षेत्रभित्र पर्ने सोही सूचनामा तोकिएको क्षेत्रमा देहायका काम कुराहरू आवश्यकता अनुसार नियमित, नियन्त्रण वा निषेध गर्न सक्नेछ र त्यसरी नियमित, नियन्त्रण वा निषेध गरिएका काम कुराहरू प्राधिकरणको पूर्व स्वीकृति बिना कसैले गर्न गराउन हुँदैनः–

(क) प्राकृतिक सम्पदा, पुरातात्विक, धार्मिक, ऐतिहासिक स्थलहरू, पर्ति, ऐलानी र सरकारी जग्गाहरू र अचल सम्पत्तिको उपभोग तथा प्रयोग गर्ने,

(ख) आवादी तथा पर्ति जग्गाहरू भू– उपयोग योजना अनुरूप उपभोग वा प्रयोग गर्ने,

(ग) कुनै प्रकारको भवन निर्माण गर्ने वा निर्माण भैसकेका भवनहरूको विस्तार गर्ने,

(घ) कुनै प्रकारको वस्ती वा बसोवास बसाउने वा मनोरञ्जन स्थल, बजार, हाट, उद्योग आदि बसाल्ने वा बनाउने,

(ङ) प्राकृतिक सौन्दर्य, पर्यटन स्थल वा जनसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वा कुनै प्रकारले वातावरण दूषित हुने काम गर्ने,

(च) बाटो, पुल, यातायातको साधन, पानी, बत्ती, टेलिफोन लाइन आदि प्रयोग गर्ने ।

(२) उपदफा (१) बमोजिम पूर्व स्वीकृति दिंदा प्राधिकरणले कसैको अचल सम्पत्तिको भोग चलनमा कुनै किसिमको बन्देज लगाउँदा सार्वजनिक हितलाई ध्यानमा राखी सर्वसाधारण जनतालाई उपयोगी हुने

भएमा मात्र बन्देज लगाउन सक्नेछ र त्यस्तो बन्देज सम्बन्धी निर्णय गर्दा वा तत्सम्बन्धी सूचना वा आदेश जारी गर्दा त्यस्तो सार्वजनिक हित हुने कुरा समेत स्पष्ट खुलाउनु पर्नेछ ।

(३) प्राधिकरणले स्वीकृति दिंदा आंशिक वा पूर्ण रूपले स्वीकृति दिन वा नदिन सक्नेछ वा स्वीकृति दिंदा आवश्यक शर्त समेत तोकिदिन सक्नेछ।

(४) योजना क्षेत्रभित्रको कुनै अचल सम्पत्तिको तथ्याङ्क लिन वा सर्भे गर्नको लागि कसैको जग्गामा प्रवेश गर्न वा सम्बन्धित व्यक्तिलाई बुझ्न प्राधिकरणलाई पूर्ण अधिकार हुनेछ ।

९. <u>रोक्ने वा भत्काउने अधिकार</u>: (१) दफा ८ अन्तर्गत प्राधिकरणले नियमित, नियन्त्रण वा निषेध गरेका काम कुराहरू कसैले प्राधिकरणको पूर्व स्वीकृति बिना गरेमा वा प्राधिकरणले स्वीकृति दिंदा कुनै शर्त तोकिदिएको भए त्यस्तो शर्त विपरीत हुने गरी गरेमा प्राधिकरणले त्यस्तो काम तत्काल रोक्ने आदेश दिन सक्नेछ र त्यस्तो कामको सिलसिलामा कुनै निर्माण गरेको रहेछ भने प्राधिकरणले पैंतीस दिनको म्याद दिई सम्बन्धित व्यक्तिलाई त्यसरी स्वीकृति बिना वा शर्त विपरीत निर्माण गरेको जति भाग भत्काउन वा हटाउन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणले कुनै निर्माणको भाग भत्काउन वा हटाउन दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सो आदेश पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालत समक्ष उजुरी दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उजुरी परेकोमा उच्च अदालतबाट त्यस्तो निर्माणको भाग भत्काउने वा हटाउने गरी निर्णय भएमा सो निर्णय भएको मितिले पैंतीस दिनभित्र र उजुरी नपरेकोमा उपदफा (१) बमोजिम प्राधिकरणले आदेश दिएको मितिले पैंतीस दिन भित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग भत्काउनु वा हटाउनु पर्नेछ ।

(४) उपदफा (३) को म्यादभित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग नभत्काएमा वा नहटाएमा प्राधिकरण आफैले भत्काउन वा हटाउन सक्नेछ र त्यसरी भत्काउँदा वा हटाउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्नेछ ।

१०. <u>जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्ने</u>: (१) प्रदेशमा आयोजनाहरुको विकास गर्ने क्रममा वा विभिन्न आय वर्गका व्यक्तिहरूको निमित्त आधारभूत आवासको आवश्यकता पूरा गर्नको लागि आवास घडेरीको व्यवस्था गर्न, सुविधा सम्पन्न आधुनिक शहरको निर्माण गर्न वा अन्य शहरी क्रियाकलापको लागि प्राधिकरणले प्रदेश सरकारको नीति निर्देशनको अधीनमा रही देहाय बमोजिम जग्गा विकास कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ :-

(क) योजना क्षेत्रको कुनै भागमा स्थानीय जग्गाधनी र मोहीहरू समेतको सहभागिता हुने गरी सेवा सुविधा सम्बन्धी आयोजना तर्जुमा गर्ने र सो आयोजना बमोजिमको काम गर्न प्रदेश सरकारको सम्बन्धित निकाय, कुनै संगठित संस्था वा स्थानीय तह वा स्थानीय

जनताले लगानी गर्ने गरी निर्देशित जग्गा विकास (गाईडेड ल्याण्ड डेभलपमेण्ट) कार्यक्रम सञ्चालन गर्ने,

(ख) योजना क्षेत्रभित्रको कुनै भागमा रहेका जग्गाका विभिन्न कित्ताहरूलाई एकीकरण गरी सो जग्गामा विकास योजना अनुरूप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बिक्री गरी असूल गर्ने र बाँकी विकसित घडेरीहरू साबिककै जग्गा धनी वा मोहीहरूलाई समानुपातिक आधारमा फिर्ता दिने व्यवस्था गरी जग्गा एकीकरण (ल्याण्ड पुलिंग) कार्यक्रम सञ्चालन गर्ने,

(ग) योजना क्षेत्रको कुनै भागको जग्गा दफा ११ बमोजिम प्रदेश सरकारमार्फत प्राप्त गरी प्राधिकरण आफैले त्यस्तो जग्गामा सेवा सुविधाको व्यवस्था गरी घडेरीहरू तयार गर्ने र बिक्री वितरण गर्ने गरी घडेरी तथा सेवा सुविधा (साईट्स एण्ड सर्भिसेज) कार्यक्रम सञ्चालन गर्ने,

(घ) खण्ड (ख) बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालनको निमित्त कुनै जग्गाधनीको एकीकरण गरिएको वा प्राप्त गरिएको जग्गा जग्गा विकास कार्यक्रम अनुसार निर्धारित न्यूनतम इकाईको घडेरीको क्षेत्रफल भन्दा कम हुने रहेछ भने त्यस्तो जग्गाधनीलाई लागेको खर्च लिई न्यूनतम इकाईको एक घडेरी उपलब्ध गराउने ।

(२) प्राधिकरणले प्रदेश राजधानीको पूर्वाधार विकास र निर्माणको लागि यस ऐन बमोजिम योजना तर्जुमा गरी प्रदेश सरकारबाट स्वीकृत गराई सो योजना कार्यान्वयनका लागि जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम जग्गा विकास सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

११. <u>जग्गा प्राप्त गर्नेः</u> (१) प्रदेश सरकारले दफा १० को उपदफा (१) को खण्ड (ग) बमोजिमको जग्गा विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम प्राप्त गरी प्राधिकरणलाई उपलब्ध गराउन सक्नेछ ।

२) यस दफा बमोजिम जग्गा एकीकरण कार्यक्रम सञ्चालनका लागि जग्गा प्राप्त गर्दा जग्गाको मुआब्जा वापत विकसित घडेरी उपलब्ध गराउने गरी जग्गा प्राप्त गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम जग्गा प्राप्त गर्दा योजना वा कार्यक्रमसँग सम्बन्धित आयोजना सञ्चालन हुने स्थानको कूल जग्गा मध्ये अधिकांश जग्गा र जग्गा धनीले त्यस्तो आयोजना सञ्चालन गर्न लिखित रुपमा अस्वीकार गरेको अवस्थामा मात्र उपदफा (२) बमोजिम जग्गा प्राप्त गरिने छैन ।

(४) उपदफा (३) को अवस्थामा उक्त आयोजना संशोधन र परिमार्जन गरी कार्यान्वयन गरिनेछ ।

१२. <u>आर्थिक स्रोत जुटाउन सक्नेः</u> प्राधिकरणले आफ्नो काम सुचारु रूपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने खर्चको लागि प्रदेश सरकारको पूर्व

स्वीकृति लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ ।

## परिच्छेद-२

## पूर्वाधार विकास समिति सम्बन्धी व्यवस्था

१३. **पूर्वाधार विकास समितिको गठनः** (१) प्रदेश पूर्वाधार विकास प्राधिकरणको नीतिगत कार्य संचालन र व्यवस्थापनका लागि एक पूर्वाधार विकास समिति रहने छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारी रहने छन,-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय - उपाध्यक्ष

(ग) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

(च) प्रदेश योजना आयोगका पूर्वाधार हेर्ने सदस्य - सदस्य

(छ) कम्तिमा १ जना महिला सहित प्रदेश सरकारबाट नियुक्त २ जना पूर्वाधारविद् - सदस्य

(ज) प्रमुख कार्यकारी अधिकृत - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (छ) बमोजिमका सदस्यको पदावधि नियुक्ति भएको मितिले तीन वर्षको हुनेछ र निजको कार्य सन्तोषजनक रहेमा पुनः एक पटक नियुक्त गर्न सकिनेछ ।

(४) उपदफा (२) को खण्ड (छ) बमोजिमका सदस्यको योग्यता देहायबमोजिम हुनेछः-

(क) ३५ वर्ष उमेर पुरा गरी ६० बर्ष ननाघेको,

(ख) कम्तिमा १० वर्ष पूर्वाधार आयोजनाको निर्माण, क्षेत्रीय विकास, पूर्वाधार विकास, लगानी प्रवर्धन, सार्वजनिक निजि साझेदारी, दिगो विकास, ईन्जिनियरिङ्ग, विकास प्रशासन, व्यवस्थापन वा कानूनका क्षेत्रमा अनुसन्धान वा काम गरेको ।

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम दामासाहीको अवस्थामा नरहेको।

(५) उपदफा (२) को खण्ड (छ) बमोजिमको सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(घ) उपदफा (१) बमोजिम पदमा नियुक्त हुने योग्यता नरहेमा,

(ङ) निजको मृत्यु भएमा ।

(६) उपदफा (२) को खण्ड (छ) बमोजिम नियुक्त सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा त्यस्तो सदस्यलाई प्रदेश सरकारले जुनसुकै समयमा समितिको सदस्यबाट हटाउन सक्नेछ ।

(७) उपदफा (२) बमोजिम कुनै सदस्यको पद रिक्त भएमा सो पदमा अर्को व्यक्तिको नियुक्ति हुन सक्नेछ ।

१४. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) योजनाको तर्जुमा तथा कार्यान्वयन सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) योजनालाई अन्तिम रूप दिने,

(ग) योजना अन्तर्गतका कार्यक्रमहरूको प्रगति समीक्षा र मूल्याङ्कन गर्ने,

(घ) प्राधिकरणको वार्षिक बजेट र विनियम स्वीकृत गर्ने,

(ङ) प्राधिकरणको कार्यकारी अधिकृत र कर्मचारीलाई आवश्यक निर्देशन दिने।

(२) उपदफा (१) मा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम प्राधिकरणलाई प्राप्त भएका सबै अधिकारको प्रयोग समितिले गर्नेछ ।

१५. <u>समितिको बैठक सम्बन्धी कार्यविधिः</u>(१) समितिको बैठक प्रत्येक चार महिनामा कम्तिमा एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र समितिको सदस्य सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगाडि सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(५) समितिले अवश्यकता अनुसार कुनै आयोजना वा परियोजना सम्बन्धी निर्णय गर्नुपर्दा सम्बन्धित मन्त्रालयका मन्त्री र सचिवलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(६) समितिले आवश्यकता अनुसार स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) बैठकको अध्यक्षता गर्ने व्यक्तिले बैठकको निर्णय प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्नेः</u> (१) प्राधिकरणले आफ्नो कार्य सुचारु रूपमा सम्पादन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त तथा कार्याविधि त्यस्तो समिति वा कार्यदल गठन गर्दाको बखत संचालक समितीले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

## प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था

१७. प्रमुख कार्यकारी अधिकृतको नियुक्तिः (१) प्रदेश सरकारले प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नेछ ।

(२) प्रमुख कार्यकारी अधिकृत प्राधिकरणमा पूरा समय काम गर्ने प्रमुख प्रशासनिक पदाधिकारी हुनेछ ।

(३) प्रमुख कार्यकारी अधिकृतको पदावधि नियुक्ति भएको मितिले चार वर्षको हुनेछ।

(४) प्रमुख कार्यकारी अधिकृतले नियुक्ति भएको तिस दिनभित्र प्रदेश सरकारसँग कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ र त्यस्तो सम्झौतामा निजको पदावधिमा सम्पन्न गर्नुपर्ने मुख्य कार्यहरुको विवरण समेत उल्लेख हुनेछ ।

(५) प्रमुख कार्यकारी अधिकृतको काम सन्तोषजनक नभएमा प्रदेश सरकारले निजलाई पदबाट हटाउन सक्नेछ ।

तर, त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(६) प्राधिकरणको काम, कारबाही तथा कार्य प्रगतिका लागि प्रमुख कार्यकारी अधिकृत प्रदेश सरकारप्रति जवाफदेही हुनेछ ।

१८. प्रमुख कार्यकारी अधिकृतको योग्यता तथा पद रिक्त हुने अवस्थाः (१) देहायको योग्यता पुगेको कुनै नेपाली नागरिकलाई प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति गर्न सकिनेछः-

(क) ३५ वर्ष उमेर पूरा गरी ६५ बर्ष ननाघेको,

(ख) कम्तिमा १० वर्ष पूर्वाधार आयोजनाको निर्माण, क्षेत्रीय विकास, पूर्वाधार विकास, लगानी प्रवर्धन, सार्वजनिक, निजि साझेदारी, दिगो विकास, ईन्जिनियरिङ्ग, विकास प्रशासन, व्यवस्थापन वा कानूनका क्षेत्रमा अनुसन्धान वा काम गरेको ।

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम दामासाहीको अवस्थामा नरहेको ।

(२) देहायको अवस्थामा कार्यकारी अधिकृतको पद स्वतः रिक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(घ) उपदफा (१) बमोजिम पदमा नियुक्त हुने योग्यता नरहेमा,

(ङ) निजको मृत्यु भएमा ।

(३) उपदफा (२) बमोजिम कार्यकारी अधिकृतको पद रिक्त भएमा सो पदमा अर्को व्यक्तिको नियुक्ति हुन सक्नेछ ।

१९. <u>कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकारः</u> (१) कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्रका पूर्वाधार आयोजना पहिचान र सूचिकृत गरी छनौटका लागि समिति समक्ष पेश गर्ने,

(ख) छनौट भएका क्षेत्रगत पूर्वाधार आयोजनाहरुको गुरुयोजना तयार गर्ने, गराउने,

(ग) समितिले छनौट गरेका आयोजनाको सम्भाव्यता अध्ययन गर्ने वा गराउने,

(घ) समितिले छनौट गरेका आयोजना विकासका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने वा गराउने,

(ङ) योजना कार्यान्वयन वा परियोजना निर्माण वा संचालनका लागि प्रचलित कानून बमोजिम आवश्यक जग्गा खरिद वा जग्गा प्राप्ति गर्न प्रदेश सरकारसँगको समन्वयमा आवश्यक कार्य गर्ने,

(च) परियोजना निर्माण वा विकास गर्दा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गराउने,

(छ) प्राधिकरणलाई आवश्यक पर्ने स्वदेशी वा विदेशी अनुसन्धानकर्ता, विज्ञ वा प्राविधिकहरुको सूची तयार गर्ने,

(ज) प्रचलित कानून बमोजिम प्राधिकरणले गर्ने निर्माण कार्य गर्ने, गराउने, सामग्री खरिद गर्ने, परामर्शदाताको सेवा लिने तथा कार्यालय प्रमुखको हैसियतले सार्वजनिक

खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्ने,

(झ) प्राधिकरणको कामसँग सम्बन्धित अन्य विषयमा प्रदेश सरकार, स्थानीय तह, जनप्रतिनिधि, नागरिक समाज तथा अन्य सरोकारवालाहरुसँग परामर्श र समन्वय गर्ने,

(ञ) आवश्यकता अनुसार पूर्वाधार विकासका सम्बन्धमा सेमिनार, गोष्ठी, कार्यशाला, प्रदर्शनी, सम्मेलन आदि सञ्चालन गर्ने,

(२) उपदफा (१) मा उल्लेख भएको अतिरिक्त कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको प्रमुख कार्यकारी पदाधिकारीको हैसियतले प्राधिकरणको समग्र व्यवस्थापन, सञ्चालन गर्ने वा गराउने,

(ख) प्राधिकरणको संगठन स्थापना गर्न कार्ययोजना बनाई स्वीकृतिका लागि समितिमा पेश गर्ने,

(ग) प्राधिकरणको मानवस्रोत व्यवस्थापन, आर्थिक प्रशासन तथा अन्य काम, कारवाहीको संचालन सुपरीवेक्षण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(घ) यस ऐन र प्रचलित कानून बमोजिम प्राधिकरणको तर्फबाट स्वदेशी तथा विदेशी लगानीकर्ता संघ, संस्थासँग सम्पर्क राख्ने र सम्झौता वा समझदारीको ढाँचा तयार गर्ने,

(ङ) प्राधिकरणको बैठकको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(च) समितिले अधिकार प्रत्यायोजन गरी तोकेका अन्य काम गर्ने वा गराउने ।

२०. <u>कार्यकारी अधिकृतको पारिश्रमिक तथा अन्य सेवा सुविधाः</u> (१) कार्यकारी अधिकृतको पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्तहरु नतोकिएसम्म कार्यकारी अधिकृतले प्रदेश सरकारले निर्धारण गरे बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछ ।

## परिच्छेद-४
## <u>विविध</u>

२१. <u>मानवस्रोत व्यवस्थापनः</u> (१) प्राधिकरणको कार्य सम्पादनको लागि प्राधिकरणमा आवश्यक संङ्ख्यामा कर्मचारीहरु रहनेछन्।

(२) उपदफा (१) बमोजिम प्राधिकरणमा रहने कर्मचारीको पद र संख्या प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(३) प्राधिकरणले उपदफा (१) बमोजिमका कर्मचारीहरू मध्ये आवश्यकता अनुसार प्राविधिक कर्मचारीहरु करारमा नियुक्त गर्न सक्नेछ।

(४) प्राधिकरणका कर्मचारीहरूको पारिश्रमिक सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम प्राधिकरणका कर्मचारीको पदपूर्ति नभएसम्म प्राधिकरणलाई आवश्यक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउन सक्नेछ।

२२. <u>प्राधिकरणको कोषः</u> (१) प्राधिकरणको एउटा छुट्टै कोष हुनेछ र उक्त कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त हुने रकम,

(ख) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(ग) कुनै व्यक्ति वा संस्थाबाट दान, दातव्य, चन्दा स्वरुप प्राप्त हुने रकम ।

(घ) प्राधिकरणले आर्जन वा प्राप्त गर्ने अन्य रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि प्राधिकरणले प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) प्राधिकरणको कोषमा प्राप्त हुने रकम प्रचलित कानून बमोजिम इजाजत प्राप्त कुनै बैंकमा प्राधिकरणको नाममा खाता खोली जम्मा गरिनेछ ।

(४) प्राधिकरणको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) प्राधिकरणलाई जुन कार्यक्रम वा प्रयोजनका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नुपर्नेछ ।

(६) प्राधिकरणको कोषको खाता प्रमुख कार्यकारी अधिकृत वा निजले तोकेको प्राधिकरणको कर्मचारी र आर्थिक प्रशासन शाखाको प्रमुखको हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(७) प्राधिकरणको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. <u>लेखा र लेखापरीक्षण:</u> (१) प्राधिकरणको आय व्ययको लेखा महालेखा परिक्षकले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) प्राधिकरणले प्रदेश सरकारले निर्धारण गरे बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) प्राधिकरणको आन्तरिक लेखा परिक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ ।

(४) प्राधिकरणको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(५) प्रदेश सरकारले प्राधिकरणको आय व्ययको लेखा तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

२४. <u>प्रदेश सरकारको अधिकार:</u> (१) प्राधिकरणले यस ऐन विपरीत कुनै काम गरेमा वा गर्न लागेमा प्रदेश सरकारले त्यस्तो काम रोक्ने आदेश दिन सक्नेछ।

(२) प्रदेश सरकारले सार्वजनिक हितलाई ध्यानमा राखी आवश्यक देखेमा यस ऐन बमोजिम प्राधिकरणले दिएको कुनै आदेश पूर्ण वा आँशिक रुपमा बदर गर्न सक्नेछ।

(३) प्राधिकरणले गर्नु पर्ने काम पूरा गरिसकेको छ वा प्राधिकरणले आफूले गर्नु पर्ने काम, कर्तव्य वा निर्देशनको पालना गरेको छैन वा प्राधिकरण कायम राख्न आवश्यक छैन भन्ने ठहराएमा प्रदेश सरकारले प्राधिकरणलाई जुनसुकै बखत विघटन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राधिकरण विघटन भएमा सो प्राधिकरणको हक तथा दायित्व प्रदेश सरकारमा सर्नेछ।

२५. <u>प्राधिकरणको कार्यालयः</u> (१) प्राधिकरणको कार्यालय प्रदेशको राजधानी रहेको जिल्लामा रहनेछ।

(२) प्राधिकरणले आवश्यकता अनुसार परियोजना कार्यालय स्थापना गर्न सक्नेछ ।

२६. <u>अधिकार प्रत्यायोजनः</u> (१) समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार प्रमुख कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्रमुख कार्यकारी अधिकृतले आफूलाई प्राप्त कुनै अधिकार प्राधिकरणका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. <u>वार्षिक प्रतिवेदन पेश गर्नेः</u> (१) प्राधिकरणले तोकिए बमोजिमको विवरण खुलाई प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्राधिकरणको वार्षिक नीति, योजना र प्राधिकरणबाट एक

आर्थिक वर्षमा भएका प्रमुख कार्य र कार्यक्रमको कार्यान्वयनको स्थिति र त्यसको उपलब्धि तथा लागत र प्राधिकरणबाट भएको वार्षिक खर्चको विवरण उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्रदेश सरकार आफैंले वा प्रदेश सरकारको निर्देशनमा प्राधिकरणले सार्वजनिक गर्नु पर्नेछ ।

२८. <u>प्रदेश सरकारसँग सम्पर्क:</u> प्राधिकरणले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ ।

२९. <u>सपथ ग्रहण:</u> प्रमुख कार्यकारी अधिकृतले आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्ष समक्ष अनुसूचीमा तोकिए बमोजिमको सपथ लिनुपर्नेछ ।

३०. <u>नियम वनाउने अधिकार:</u> यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

३१. <u>विनियम बनाउने अधिकार:</u> (१) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रहि प्राधिकरणले आवश्यक विनियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाएको विनियम प्रदेश सरकारले स्वीकृत गरेपछि मात्र लागु हुनेछ।

३२. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस ऐनमा लेखिएको विषयमा यस ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची

(दफा २९ सँग सम्बन्धित)

म------------ ईश्वरको नाममा/ सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दछु की प्रदेश पूर्वाधार विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतपदको कामकाज प्रचलित कानूनको अधिनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रहको भावना नराखी ईमान्दारिताका साथ गर्नेछु । आफ्नो पदिय हैसियतबाट प्राप्त कर्तव्यको पालना गर्ने सिलसिलामा आफूलाई जानकारी हुन आएको कुरा म पदमा वहाल रहाँदा वा नरहँदा समेत प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट गर्ने छैन ।

मितिः-

नामः-

दस्तखतः-

प्रमाणीकरण मितिः २०७८/०१/०५

आज्ञाले,
राजेन्द्र थापा
प्रदेश सरकारको सचिव



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालय